बैठक संख्या १३

मिति २०७७।०२।१८ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय **Crisis Management Center (CMC)** भक्तपुरको १३ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

उपस्थिति:

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर

२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर

३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सुर्यविनायक व्यारेक

४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर

५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण

६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर

७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल

८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल

९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित

१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण

२. आकस्मिक स्वास्थ्य टोली (EMT) गठन सम्बन्धमा

३. भारतीय मजदुरहरुलाई फिर्ता पठाउने सम्बन्धमा

४. होल्डिङ एरिया खोजी र व्यवस्थापन

५. शव व्यवस्थापन सम्बन्धमा।

६. विविध

निर्णय

१. भक्तपुर जिल्लामा ४ जना कोरोना संक्रमित देखिएकोमा सवै कोरोनामुक्त भई होम क्वारेन्टाईनमा पठाइ सकिएकोले सम्पूर्ण जिल्लाबासीलाई सजग र सतर्क रही लक डाउनको पूर्ण पालना गर्न पुन: अनुरोध गर्ने ।

२. भक्तपुर जिल्लामा रहेका निजी तथा सरकारी अस्पतालहरुलाई सोही अस्पतालमा आकस्मिक स्वास्थ्य टोली (EMT) गठन गरी जिल्लाको कोभिड हव अस्पतालको रुपमा रहेको भक्तपुर अस्पताल र CMC लाई यथाशिघ्र जानकारी गराउने ।

३. गृह मन्त्रालयको च.नं. ५७६ मिति २०७७।२।१६ को पत्रानुसार फिर्ता पठाइने भारतीय मजदुरहरुलाई सम्वन्धित सिमा क्षेत्रका जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी, भारतीय नाकाको अवस्था हेरी फिर्ता पठाउन सहजीकरण गर्ने ।

४. विदेशबाट नेपाल आउन चाहने नेपालीहरुलाई बसोवास रहेको स्थानसम्म पठाउनका लागि यस जिल्लामा होल्डिङ एरियाको रुपमा कानुनवमोजिम प्रकृया पूरा गरेर स्थान छनौट गरी सरकारको निर्देशन वमोजिम काम गर्ने ।

५. गृह मन्त्रालयको च.नं. ९०८ मिति २०७७।२।१६ को पत्र अनुसार कृषिजन्य वस्तुहरुको उपत्पादन तथा ढुवानीमा थप सहजीकरण गर्ने ।

६. जिल्लामा स्वास्थ्य परीक्षण गर्नका लागि नेपाल रेडक्रस भक्तपुर शाखाको सहयोगमा कमलविनायक, लोकन्थली र सानोठिमीमा स्वास्थ्य सहायता कक्ष संचालन गर्ने ।

७. गृह मन्त्रालयको च.नं. ३९६० मिति २०७७।२।१४ को पत्रानुसार कोभिड १९ को संक्रमणको कारणबाट निधन भएका व्यक्तिहरुको शव व्यवस्थापन गर्न "शव व्यवस्थापनसम्बन्धी प्रोटोकल २०७७" बमोजिम स्थानीय प्रशासनको समन्वयमा नेपाली सेनाले गर्ने ।

८. जिल्लामा कोभिड-१९ को नियन्त्रण, रोकथाम र पहिचान गर्न जिल्लास्थित अस्पतालहरुबाट नियमित रुपमा कोभिड लक्षित स्वास्थ्य परीक्षण गर्ने ।